२०८२ असार ४ गते बुधबार

## ११९ औं कार्यपालिका वैठकका निर्णयहरु:

१. कार्यपालिका वैठकमा पेश भएका तपशिल वमोजिमका ऐन तथा कार्यविधिहरु परिमार्जन संहित आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

क) खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्ने विधेयक, २०८२

ख) अटोरिक्सा सम्बन्धी कार्यविधी (पहिलो संशोधन सहित),२०८२

ग) सभाहल व्यवस्थापन सम्बन्धी, २०८२

घ) घ वर्गको ईजाजत सम्बन्धी कार्यविधी(पहिलो संशोधन सहित), २०८२

ङ) मेलमिलाप कर्ता सम्बन्धी कार्यविधी, २०८२

२. आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम परिमार्जन सहित नगर सभामा पेश गर्ने निर्णय गरियो ।

३. आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित आर्थिक तथा विनियोजन ऐन ,२०८२ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४. आर्थिक वर्ष २०८२/०८३ मा वडा स्तरबाट सञ्चालन हुने वडास्तरीय योजना तथा कार्यक्रम आवश्यक परिमार्जन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

५. घ्यूखोला खानेपानी मर्मतको लागि घ्यूखोला टोलविकास संस्थाको माग निवेदनको सम्बन्धमा पुर्वाधार शाखा प्रमुखबाट अनुगमन गरी प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

६. वडा नं. १३ कार्यालयको मिति २०८२/०२/१८ को सिफारिश तथा कमला थापाको निवेदनको सम्बन्धमा पुर्वाधार शाखा प्रमुखबाट अनुगमन गरी प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

७. वडा नं. ५ कार्यालयको मिति २०८२/०२/२७ को सिफारिश वमोजिम देहाय वमोजिमका योजनाहरु देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ,

| क्र.स. | साविक योजनाको नाम | बजेट | संशोधित योजनाको नाम |
|---|---|---|---|
| १ | कर्मचारी सम्मान | १५,००० | अस्थाई प्रहरी विट व्यवस्थापन सामान खरिद रु ५५,०००।- |
| २ | १४ वार्डकाजनप्रतिनिधीको लागि अन्तरक्रिया | ४०,००० | |
| ३ | तिस मुरे अधारे कुलो निर्माण | १,००,००० | नयाँ बजार टोल भवन जाने गोरेटो बाटो रु १,००,०००।- |

८. वडा नं. ३ अन्तर्गत माथिल्लो भडारेखोला मुहान संरक्षण तथा मर्मतका लागि मुल्याङ्कनका आधारमा रु एक लाख उपलब्ध गराउने निर्णय गरियो ।

९. स्याङ्गजा सीत भण्डारको माग वमोजिम चालु आर्थिक वर्षमा उक्त सीत भण्डारलाई

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम रेग्मी
नगर प्रमुख

विनियोजित गरेको रु ५ लाखबाट मध्येबाट नगरपालिकाको शेयर वृद्धि हुने गरि शेयर वापत २ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

१०. रसायन शास्त्र केन्द्रिय विभागको सिफारिश र स्नातकोत्तर तह चौथो सेमेस्टरमा अध्ययनरत विद्यार्थी सुवास पोखरेलको निवेदन वमोजिम निजले डाले घाँसमा (खन्यु र वेडुला) अनुसन्धान गरी प्रतिवेदन वापत रु २०,०००।- आर्थिक सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

११. संघीय सरकारको शशर्त अनुदान अन्तर्गत वडा नं. १३ र १४ मा सञ्चालित भैंसी पकेट कार्यक्रमको मिति २०८२/०२/२६ र २७ गते पशु सेवा शाखाबाट स्थलगत अनुगमन गर्दा एक जना कृषक बाहेक अन्य कसैले पनि नयाँ भैंसी थप गरेको नपाईएकाले यो कार्यक्रम स्थगित गर्दा उपयुक्त हुने भनी पशु सेवाबाट प्रतिवेदन पेश हुन आएकोले मापदण्डमा तोकिए वमोजिमको उच्च जातका भैंसी खरिद भै आएमा कार्यक्रम अगाडी बढाउने अन्यथा उक्त कार्यक्रम स्थगित भएको जानकारी सम्बन्धित समुहलाई दिने निर्णय गरियो ।

१२. आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदनमा उल्लेखित वेरुजुका विषयमा लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुसार समपरिक्षणका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

१३. चालु आर्थिक वर्षको सार्वजनिक सुनुवाई असार महिनाको २४ गते भित्र वडा नम्बर ५ को शितला माध्यामिक विद्यालयको प्राङ्गणमा गर्ने निर्णय गरियो ।

१४. नगरपालिंका र अन्तर्गतका कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरुको करार सेवा अवधि प्रक्रिया पुरा गरी थप आगामी ६ महिनाका लागि थप गर्ने निर्णय गरियो ।

१५. वडा नं. ७ को कार्यालयको चलानी नम्बर १४१३ र मिति २०८२/०३/०१ को सिफारिश समेतका आधारमा वर्षाका कारण प्रवाखर कडेलको वुहारी तिलकराम कडेलकी श्रीमती ओम माया कडेलको घर पूर्ण रुपमा क्षति भएकोले राहत वापत रु २० हजार उपलब्ध गराईने निर्णय गरियो ।

१६.

क) वडा नम्बर ८ को कार्यालयको सिफारिश वमोजिम देहाय वमोजिमका आयोजनालाई देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क्र.स. | साविक योजनाको नाम | बजेट | संशोधित योजनाको नाम |
|---|---|---|---|
| १ | डाँडास्वाँरा - खन्तीखेत मोटरबाटो | १,००,००० | डाँडास्वाँरा- काहुले मोटरबाटो मर्मत |

धर्मराज दुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ असार ४ गते बुधबार

| | | | |
|---|---|---|---|
| २ | डाँडास्वाँरा- गौलेडाँडा मोटरबाटो निर्माण | २,००,०००।- | डाँडास्वाँरा- खेलमैदान घेराबार संरक्षण |

ख) वडा नम्बर १ को कार्यालयको चलानी नम्बर ११४० र मिति २०८२/०३/०३ कोसिफारिशका आधारमा चालु आर्थिक वर्षमा शहरी स्वास्थ्य केन्द्र फर्निचर तथा सामान खरिद शिर्षकमा विनियोजन गरिएको रकम रु ७५,०००।- दैनिक कार्यालय संञ्चालन खर्च शिर्षकमा खर्च लेख्ने गरी सहमती दिने निर्णय गरियो ।

ग) वडा नम्वर १ को कार्यालयको चलानी नम्वर १०४४ र मिति २०८२/०२/१६ को सिफारीश अनुसार वडा नम्बर १ डाँडाथर निवासी टिकाराम रेग्मीको निवेदन अनुसार पहिरोका कारण उक्त क्षेत्रका घरहरु उच्च जोखिममा रहेकाले वडा कार्यालयबाट चौकी डाँडाथर बाटो निर्माणमा विनियोजन भएको रकम रु १,००,०००।- बाट उक्त स्थानमा नाला कटाउने लगायतका आवश्यक अन्य कार्य गर्ने गरी प्रक्रिया अगाडी वढाई भुक्तानी दिने निर्णय गरियो ।

घ) वडा नम्वर ७ को कार्यालयको चलानी नम्वर १४०९ र मिति २०८२/०२/०३ को पत्रबाट सिफारिश भै आए वमोजिम झाँक्री डाँडा निवासी वुधे दमैको घर हावाहुरी र वर्षाका कारण पूर्णक्षति भएकोले राहत स्वरुप रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

ङ) वडा नम्वर १३ को कार्यालयको चलानी नम्वर २५४१ र मिति २०८२/०३/०४ को सिफारिश वमोजिम स्वाभिमानी आमा समुह हल्ले खोलाले सञ्चालन गरेको मादल बजाउने तालिम सञ्चालन गरे वापत खर्च भएको रकम रु १ लाख विल भरपाई वमोजिम भुक्तानी दिने निर्णय गरियो ।

च) चालु आर्थिक वर्षमा विभिन्न क्षेत्रमा राम्रो काम गर्ने कर्मचारी लगायत विभिन्न विद्यामा योगदान दिने व्यक्तिलाई नगर सभामा सम्मान तथा पुरस्कृत गर्नका लागि सिफारिश गर्न देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| नगर उपप्रमुख | -देवी अर्याल | -संयोजक |
| नगर प्रवक्ता | -मनोज पौडेल | -सदस्य |
| कार्यपालिका सदस्य | -संजिता नेपाल अर्याल | -सदस्य |
| नगर सदस्य | -अमिर वक्स मिया | -सदस्य |
| प्रशासन प्रमुख | -धन प्रसाद कोईराला | -सदस्य सचिव |

धर्मराज दुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज दुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ असार ४ गते बुधबार

१७. यस नगरपालिकाबाट अगाडी बढाईएको प्रगतिनगर वहाकोट काल्खु सडक (७+६००) देखि (१३+१३०) सम्मको सडक स्तरोउन्नति गर्ने कार्य अगाडी बढाउन Nepal Environmental Resources Organization बाट पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण कार्यसूचीलाई स्वीकृत गर्ने निर्णय गरियो ।

१८. १५औं केन्द्रिय राष्ट्रपति रनिङ्ग शिल्ड भलिवल प्रतियोगिता २०८२/०२/२८ देखि २०८२/०२/३० मा सम्पन्न कार्यक्रममा पुतलीबजार नगरपालिका वडा नं. ५ का दुईजना होनहार यूवा खेलाडी सुदिप थापा र अजय सुनार गण्डकी प्रदेशबाट छनौट भै स्वर्ण पदक प्राप्त गर्न सफल हुनु भएकोमा धन्यबाद ज्ञापन गर्ने र उपयुक्त समयमा सम्मान गर्ने निर्णय गरियो ।

१९. आगामी नगर सभामा पेश गर्ने गरी विषयगत समितिहरु मार्फत प्रस्ताव भएका नीति तथा कार्यक्रम र बजेट आवश्यक परिमार्जन सहित अनुमोदन गर्ने निर्णय गरियो ।

२०. पुतलीबजार नगरपालिका र चिरन मिडिया प्रा.लि, अनामनगर काठमाण्डौ विच भएको सम्झौता अनुसार उक्त मिडिया प्रा. लिबाट कार्य सम्पन्न गरी पेश गरिएको नगरपालिका भित्रका पर्यटकीय एवं धार्मिक स्थलहरुको प्रवर्द्धनात्मक पुस्तक तथा भिडियो सामग्री स्वीकृत गर्ने निर्णय गरियो ।

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख